मिति २०७८/१०/२७ गते

**१२१ औं कार्यपालिका बैठकका निर्णयहरु**

**निर्णय नं. १ –** यस शुक्लाफाँटा नगरपालिका वडा नं. ३ को कार्यालय भवन निर्माणका लागि स्थान छनौट गरी मिति २०७८/०९/२९ च.नं. २०२ वडा कार्यालयको प्राप्त पत्रानुसार वडा नं. ३ को पिपलाडी हल्दुघाट ( हालको सिद्ध बालविकास केन्द्र ) मा निर्माण कार्यको प्रकृया अगाडी बढाउने निर्णय अनुमोदन गरियो ।

**निर्णय नं. २ –** तराई मधेश समृद्धि केन्द्रिय समन्वय ईकाइ को मिति २०७८/९/३० गतेको आ.व. २०७९/०८० का लागि कार्यक्रम / प्रस्ताव पेश गर्ने सम्वन्धि सूचना अनुसार यस शुक्लाफाँटा नगरपालिका बाट तपसिल बमोजिमका योजना तथा कार्यक्रम छनौट गरी तराई मधेश समृद्धि कार्यक्रम संचालन निर्देशिका , २०७८ बमोजिम ३०% लागत सहभागिता समेत रहने प्रतिवद्धता सहति योजना मागको लागि सम्वन्धित निकायमा पठाउने निर्णय अनुमोदन गरियो ।

**तपसिल**

१. वडा नं. १ स्थित अधुरो रहेको बृद्ध मिलन केन्द्र निर्माण ।
२. वडा नं. २ लक्ष्मीपुर देखि मितेरीपुल हुदै बन्साहा चौराहा बाटो स्तरोन्नती ।
३. वडा नं. ३, जोनापुर स्थित अधुरो सामुदायिक भवन निर्माण ।
४. वडा नं. ४ श्री राष्ट्रिय मा.वि. पिपलाडी भवन निर्माण ।
५. वडा नं. ५ आधारभूत स्वास्थ्य भवन निर्माण ।
६. वडा नं. ७ अधुरो पिताम्वर स्वास्थ्य चौकी निर्माण ।
७. वडा नं. ९ अशिग्राम स्वास्थ्य चौकी भवन निर्माण ।
८. वडा नं. १० झलारी स्वास्थ्य चौकी भवन निर्माण र
९. वडा नं. १० स्थित मुक्तीटोलमा रहेको अधुरो सामुदायिक भवन ।
१०. वडा नं. ११ रेलडन्डी देखी रामखोला बाटो स्तरोउन्ती ।
११. वडा नं. ११ कलुवापुर दक्षिण हुदै वडा नं. २ को सिमाना सम्म बाटो स्तरोन्नती
१२. वडा नं. १२ स्वास्थ्य भवन तथा वडा कार्यालयको घेरबार निर्माण ।
१३. वडा नं. ४ स्याली नदी नियन्त्रण ।

**निर्णय नं. ३ –** सुरक्षित नागरिक आवास अनुदान वितरण सम्वन्धमा छलफल हुँदा यस आ.व. मा अनुदान उपलब्ध गराउन यस नगरपालिकाको ११७ औ कार्यपालिकाको निर्णय नं. ५ अनुरुप बाँकी रहेका लाभग्राहीहरुलाई छनौट भएको क्रम संख्याका आधारमा पहिलो किस्ता (रु ३०,०००।) उपलब्ध गराउने ।

**निर्णय नं. ४ -** आ.व. २०७८/०७९ मा यस नगरपालिका लाई संघीय सरकार बाट प्राप्त शिक्षण सिकाई सहयोग अनुदान अन्तरगत सामुदायिक विद्यालयहरुलाई (माध्यमिक तह (९- १०) , आधारभूत तह (६-८) विज्ञान , गणित र अंग्रेजी शिक्षक व्यवस्थापनका लागि वितरित कोटाको लागि विज्ञापन गर्दा विज्ञान विषयका हकमा नियमानुसार शिक्षक अध्यापन अनुमती पत्र हुनु पर्ने मा दुई पटक सम्म पनि विज्ञापन गर्दा अध्यापन अनुमति पत्र प्राप्त व्यक्तिको आवेदन नपरेमा बढीमा ६ महिनाका लागि विना अध्यापन अनुमतिपत्र प्राप्त व्यक्ती उक्त अनुदान शिक्षकको विज्ञापनमा दरखास्त दिई प्रतिसप्रर्धा बाट सफल भएका उमेदबार संग सम्झौता गरी काममा लगाउन सक्ने गरी विद्यालयहरुलाई पत्राचार गर्ने ।

**निर्णय नं. ५ -** श्री भूमिसुधार तथा मालपोत कार्यालय कंचनपुरको पत्र संख्या २०७८/०७९ को च.नं. ६३६८ र मिति २०७८/०९/२६ गतेको प्राप्त पत्रानुसार आन्तिक व्यवस्थापन तथा अभिलेख व्यवस्थापनमा लागि सहयोग गरिदिन भनी माग भई आएको पत्रको विषयको सम्वन्धमा छलफल हुदा उक्त कार्यालयलाई आन्तिक व्यवस्थापन का लागि रु १,००,०००।– (एक लाख ) मात्र कार्यालय मसलन्द तथा व्यवस्थापन शिर्षकबाट कट्टी गरी रकम अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं. ६ –** क्षेत्रीय शहरी विकास आयोजना (RUDP) द्धारा निर्माणाधिन अवस्थामा रहेको नगरपालिकाको कार्यालय भवनमा ठेक्का रकमको ४.४ % प्रतिशत नगरपालिकाले बेहोर्नु पर्ने व्यवस्था भएको हुँदा हाल क्षेत्रीय शहरी विकास आयोजना वाट निर्माण कम्पनिलाई न.पा.को म्याचिङ फण्ड बाट रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ७** नगरपालिका स्तरिय भूमिहिन तथा अव्यवस्थित बसोवासी व्यवस्थापन सहजिकरण समितिको मिति २०७८/१०/२४ गते बसेको बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ८ – यस नगरपालिका अन्तर्गत शसर्त बजेट गहु उत्पादन प्रर्वद्धन कार्यक्रम अन्तर्गत संकलन गरिएका निवेदनहरु मध्ये प्रत्येक वडा मा १ / १ कलस्टर पर्ने गरी कृषक समुह सहकारी संग सम्झौता गरी कार्य गर्न निर्णय गरियो । र परवल खेतीका लागि कृषकहरुलाई परवलको बिरुवा ल्याई निशुल्क वितरण गर्ने ।

**निर्णय नं.** ९ – यस शुक्लाफाँटा नगरपालिका वडा नं. १ गणेशपुरमा रहेको खोपकेन्द्र लाई आधारभुत स्वास्थ्य सेवा केन्द्रमा परिणत गर्ने ।

निर्णय प्रमाणित

2078/10/26